

# रोजगार समस्याहरू – लक्षणहरूको पहिचान

**तपाईंको काम, तलब वा बिदाका सर्तहरू अनुचित त छैनन् र तपाईंले यसबारे के गर्न सक्नुहुन्छ भन्ने कुरा पत्ता लगाउन यो तथ्यपत्र पढ्नुहोस्।**

## अवार्ड भनेको के हो?

**अवार्डहरू उचित कार्य आयोग (फेयर वर्क कमिशन) द्वारा निर्मित हुन्छन् र तपाईंले काम गर्ने उद्योगका लागि यसले न्यूनतम तलब तथा सर्तहरू निर्धारण गर्दछ। फेयर वर्क ओम्बड्स्म्यान (FWO) ले अवार्ड्स, तलब दर, ओभरटाइम, विश्राम र अन्य अधिकारहरू बारे जानकारी दिन सक्छ।**

**131 394**

www.fairwork.gov.au

## मलाई $23.23 प्रतिघण्टा भन्दा कम भुक्तान गरिन्छ

**(1 जुलाई 2023 मा)**

राष्ट्रिय न्यूनतम ज्याला $23.23 प्रतिघण्टा छ। हरेक कामदारलाई कम्तिमा यति रकम भुक्तान गरिनु पर्दछ। राष्ट्रिय न्यूनतम ज्यालाको दायरामा रहेका अंशकालिक कर्मचारीहरूलाई कम्तीमा 25% अंशकालिक अतिरिक्त भुक्तान (क्याजुअल लोडिङ्ग) पनि प्राप्त हुनु पर्दछ। यदि तपाईं 'कनिष्ठ' ('जुनियर'), सामान्यतया 20 वर्ष वा कम उमेरको, हुनुहुन्छ भने यसभन्दा कम भुक्तान गरिनु वैध छ। अवार्ड्समा प्रायःजसो न्यूनतम दर न्यूनतम ज्याला भन्दा उच्च हुन्छ। न्यूनतम पारिश्रमिक हरेक वर्ष जुलाईमा अद्यावधिक गरिन्छ।

## मलाई 'नगद' भुक्तान गरिन्छ र मैले पेस्लिप पाउँदिन

तपाईंलाई नगद भुक्तान गरिनु वैध छ – तर तपाईंका रोजगारदाताले तपाईंलाई पेस्लिप दिनु जरुरी हुन्छ। यदि तपाईंले पेस्लिप बिना नगद प्राप्त गर्नुहुन्छ भने तपाईंका रोजगारदाताले कानूनको पालना गरिरहेको छैन भन्ने वास्तविक जोखिम हुन्छ।

उदाहरणार्थ, तपाईंका रोजगारदाताले तपाईंका लागि सेवानिवृत्ति योगदान नगरेको वा तपाईंको तलबको आय कर नबुझाएको हुन सक्दछ।

## म परीक्षण अवधिका लागि भुक्तानी बिना काम गरिरहेको छु

अति थोरै समयका लागि कुनै भुक्तानी बिनाको परीक्षण वैध हुन सक्दछ, जस्तै रोजगारदाताले तपाईंलाई रोजगार दिनुअघि आफ्ना कौशल प्रदर्शन गर्न भन्न सक्दछ। उदाहरणार्थ, यदि तपाईं बरिस्ताको कामका लागि जाँदै हुनुहुन्छ भने तपाईंले कफी मेशिनको प्रयोग गर्दै विभिन्न किसिमका कफीहरू बनाउन सक्नुहुन्छ भनी प्रदर्शन गर्न आधा घण्टा लाग्न सक्छ। अन्य कामहरूका लागि तपाईंले आफ्नो कौशल प्रदर्शित गर्नमा केही बढी समय लाग्न सक्दछ।

यदि तपाईंका रोजगारदाताले कामको तयारीका लागि तपाईंलाई तालिम गर्न भन्दछ भने यसका लागि तपाईंलाई भुक्तान गरिएको हुनु पर्दछ।

## मैले भुक्तानी बिना काम गरिरहेको छु र मलाई भुक्तान गरिनु पर्ने हो वा होइन भनी मलाई पक्का थाहा छैन

मानिसहरूले विभिन्न कारणवश जस्तै स्वयंसेवाको निम्ति वा कार्य अनुभव हासिल गर्नका लागि भुक्तानी बिनाको काम गर्दछन्। तपाईं वास्तवमा एक कर्मचारी हुनुहुन्न भने यो वैध हुन सक्दछ।

स्वयंसेवक भनेको त्यस्तो व्यक्ति हो जसले भुक्तानीको अपेक्षाबिना काम गर्दछ। उदाहरणार्थ, कुनै परोपकारी कार्यमा मद्दत गर्नु। यदि तपाईं स्वयंसेवक हुनुहुन्छ भने तपाईंले गर्ने कामका लागि तपाईं गर्न प्राप्त गर्न हकदार हुनुहुन्न।

यदि तपाईं अस्ट्रेलियामा आधिकारिक शैक्षिक वा तालिम संस्थानद्वारा व्यवस्था मिलाइएको व्यावसायिक प्लेसमेन्टको विद्यार्थी हुनुहुन्छ र भुक्तानी बिनाको काम तपाईंको पाठ्यक्रमको हिस्सा हो भने तपाईंले गर्ने कामको लागि भुक्तानी प्राप्त गर्ने हकदार तपाईं हुनुहुन्न।

Legal Aid NEW SOUTH WALES

यदि तपाईंले भुक्तानी बिनाको कार्य-अनुभवका लागि वा तपाईंको अध्ययनको हिस्सा नरहेको भुक्तानी बिनाको इन्टर्नशिप गर्दै हुनुहुन्छ भने त्यसमा जटिलता छ। यीमध्ये केही व्यवस्था वैध छन् भने केही छैनन्। उदाहरणार्थ, यदि तपाईं अनुभव हासिल गर्न रोजगारदाताका लागि भुक्तानी बिनाको काम गर्न सहमत हुनहुन्छ, तर तपाईंको कामको सुपरिवेक्षण भइरहेको छैन र अन्य कर्मचारीहरूलाई सरह तपाईं एक्लैलाई काम गर्न लगाइन्छ भने तपाईंलाई एकजना कर्मचारी ठहर गर्न सकिन्छ तथा तपाईंले गर्ने कामका लागि भुक्तानीको हकदार हुनुहुनेछ।

यदि तपाईंको भुक्तानी बिनाको कार्य वैध छ वा छैन भन्ने बारेमा तपाईं पक्का हुनुहुन्न भने तपाईंले कानूनी सल्लाह लिनु पर्दछ।

## मलाई अंशकालिक वा स्थायी कर्मचारी कुन रूपमा नियुक्त गरिएको हो भन्ने बारे मलाई पक्का थाहा छैन

एक स्थायी कर्मचारीले पूर्णकालिक वा अंशकालिक रूपमा काम गर्न सक्दछ। अंशकालिक कर्मचारीले कहिलेकाहिँ पूर्णकालिक अवधिमा काम गर्न सक्दछ र पनि अंशकालिक नै मानिन्छ।

एक स्थायी कर्मचारी भुक्तानी सहितको वार्षिक बिदा, भुक्तानी सहितको व्यक्तिगत/स्याहारकर्ता बिदा, उनीहरूको रोजगार खारेजी र कहिलेकाहिँ उनीहरूको आवश्यकता नरहेको सूचना पाउने हकदार हुन्छ। एक अंशकालिक कर्मचारी यी सबैको हकदार हुँदैन तर अवार्डमा, एन्टरप्राइज सम्झौतामा, अथवा राष्ट्रिय न्यूनतम ज्यालामा सामान्यतया न्यूनतम दरहरूभन्दा 25% अधिकको हकदार हुन्छ।

राष्ट्रिय रोजगार मापदण्ड (National Employment Standards (NES))11 न्यूनतम रोजगार अधिकारहरू हुन् जो सबै कर्मचारीहरूका लागि उपलब्ध गराइएका छन्। सबै कर्मचारीहरू (अंशकालिक तथा साना व्यवसायका कर्मचारी लगायत) NES को हिस्साको रूपमा प्रति वर्ष 10 दिनको भुक्तानी बिनाको घरेलू र पारिवारिक हिंसा बिदाका हकदार हुन्छन्।

यदि तपाईं आफ्ना रोजगारदातासँग अंशकालिक रूपमा काम गर्न सहमत हुनुभएको छ भने तपाईं सम्भवतया अंशकालिक हुनुहुन्छ। यदि तपाईंलाई पक्का थाहा छैन भने तपाईंले आफ्नो स्थितिबारे कानूनी सल्लाह लिनु पर्दछ।

अंशकालिक कर्मचारीहरूले उनीहरूका रोजगारदातासँग 12 महिना काम गरेका छन् भने रोजगारदाताद्वारा पूर्णकालिक वा अंशकालिक (स्थायी) कर्मचारीमा परिणत हुने विकल्पको प्रस्ताव दिइनु पर्दछ। यसलाई 'अंशकालिक रूपान्तरण' ('casual conversion') को नामले जानिन्छ। यसका लागि केही योग्यताका सर्तहरू पूरा गरिनु जरुरी हुन्छ।

थप जानकारीका निम्ति फेयर वर्क अस्ट्रेलियाको वेबसाइटः www.fairwork.gov.au हेर्नुहोस्।

## मैले सप्ताहन्तहरूमा वा रात्रीकालिन समयमा काम गर्दा मलाई अतिरिक्त भुक्तानी गरिँदैन

कतिपय अवार्डहरूमा सप्ताहन्त, सार्वजनिक बिदा, राती वा एकाबिहानै काम गर्नका लागि प्रतिघण्टा उच्च भुक्तानी दर हुने गर्दछ। यदि तपाईं अवार्डअन्तर्गत हुनुहुन्छ भने यस्ता कार्यका लागि तपाईं अतिरिक्त भुक्तानीको हकदार हुनुहुन्छ वा हुँदैन भनी आफ्नो अवार्ड हेर्नुहोस्।

तपाईंले आफ्नो अवार्ड फेयर वर्कको वेबसाइटः www.fairwork.gov.au मा हेर्न सक्नुहुन्छ।

यदि तपाईं अवार्डअन्तर्गत हुनुहुन्न भने तपाईंसँग गरिएको करारमा उल्लेख गरिएको स्थितिमा मात्रै तपाईं सप्ताहन्त, सार्वजनिक बिदा, रात्रि वा एकाबिहानैको कार्यका लागि भुक्तानीको हकदार हुनुहुनेछ।

## मैले सेवानिवृत्ति प्राप्त गर्दिन

तपाईंका रोजगारदाताले तपाईंको सेवानिवृत्ति कोषमा तलबको अतिरिक्त 11% योगदान गरेको हुनु पर्दछ।

1 जुलाई 2022 भन्दा पहिले यदि तपाईंले कर नकाटिकन प्रतिमहिना $450 वा कम कमाउनुभएको थियो भने तपाईंका रोजगारदाताले तपाईंलाई सेवानिवृत्ति भुक्तानी गर्नु परेको थिएन। 1 जुलाई 2022 देखि तपाईंले जति कमाएको भएता पनि तपाईंका रोजगारदाताले तपाईंको सेवानिवृत्ति भुक्तानी गर्नु पर्नेछ।

यदि तपाईंको उमेर 18 वर्षभन्दा मुनि छ र प्रतिसाता 30 घण्टा वा कम काम गर्नुहुन्छ भने तपाईंका रोजगारदाताले तपाईंको सेवानिवृत्तिका लागि भुक्तानी गर्नु पर्दैन।

यदि तपाईं ठेकेदार हुनुहुन्छ, र तपाईंका आफ्नै कर्मचारीहरू छैनन् भने तपाईं सेवानिवृत्तिको हकदार हुनुहुन्छ। यदि तपाईं यस्तो स्थितिमा हुनुहुन्छ भने तपाईंले अस्ट्रेलियाली कर कार्यालयमा (ATO) गएर पत्ता लगाउनु पर्दछ वा कानूनी सल्लाह लिनु पर्दछ।

## म विश्रामबिना लामो समयसम्म काम गर्दछु

यदि तपाईं अवार्ड अथवा इन्टरप्राइज सम्झौताअन्तर्गत हुनुहुन्छ भने तपाईं विश्रामको हकदार हुनुहुन्छ। तपाईंले तपाईंको विश्रामहरू बारे थप विवरण प्राप्त गर्नका लागि आफ्नो अवार्ड वा एन्टरप्राइज सम्झौता हेर्नुहोस्।

तपाईंको रोजगार अनुबन्धमा पनि तपाईं विश्रामको हकदार हुन सक्नु हुन्छ।

यदि तपाईंसँग अनुबन्ध छैन वा त्यसमा विश्राम बारे केही भनिएको छैन भने पनि तपाईंले विश्राम पाउनु हुन्छ। किनकि कार्य स्वास्थ्य तथा सुरक्षा कानूनहरूअन्तर्गत कार्यस्थल सुरक्षित र स्वस्थ हुनु आवश्यक छ। यदि तपाईंका रोजगारदाताले तपाईंलाई पर्याप्त विश्राम दिँदैन भने यसबाट दूर्घटना, थकावट, तथा मानसिक रोगको जोखिम बढ्न सक्दछ।

## मैले काम गरेबापत मलाई बस्न र खान दिइन्छ

तपाईंका रोजगारदाताले तपाईंले गरेको काम बापत तपाईंलाई पूर्ण र पैसामा भुक्तानी गर्नु पर्दछ। तर, तपाईंले लिखित सहमति दिनुभएको छ र काटिने रकम तपाईंको पेस्लिपमा देखाइएको छ भने तपाईंका रोजगारदाताले तपाईंको तलबबाट भाडा वा भोजनको पैसा काट्न सक्दछ। काटिने रकम उचित हुनु पर्दछ।

केही अवार्डहरूले रोजगारदाताहरूलाई तलबबाट भोजनको पैसा काट्ने स्पष्ट अनुमति दिन्छ। उदाहरणार्थ, यदि तपाईं मोटर इन-मा बस्नुहुन्छ र काम गर्नुहुन्छ भने हस्पिटलिटी अवार्डले तपाईंका रोजगारदातालाई आवास र भोजनका लागि तपाईंको तलबबाट निर्धारित रकम काट्ने अनुमति दिन्छ। केवल आवासका लागि लामो समयावधि काम गर्नु प्रायः शोषण हुन्छ। घरविहीन रहेका वा घरविहीन हुने जोखिममा रहेका श्रमिकहरूले आफैंलाई कहिलेकाहिँ यस्तो स्थितिमा पाउँछन्।

## मलाई निलम्बित गरिएको छ र यो अनुचित हो

सबै निलम्बन अनुचित हुँदैनन्, तर सामान्यतया तपाईंको रोजगारदातासँग तपाईंको रोजगार समाप्त गर्ने वैध कारण हुनु पर्दछ र तपाईंलाई त्यस कारणको जवाफ दिने अवसर दिइनु पर्दछ। तपाईंको निलम्बन अनुचित रहेको तपाईंलाई लाग्दछ भने तपाईंले तत्काल कानूनी सल्लाह लिनु पर्दछ। फेयर वर्क कमिशनमा अनुचित निलम्बनविरुद्ध मुद्दा दर्ता गर्नका लागि तपाईंलाई निलम्बित गरिएको मितिदेखि केवल 21 दिनको समय तपाईंले पाउनुहुन्छ। यदि तपाईंलाई NSW सरकार वा NSW मा स्थानीय काउन्सिलद्वारा रोजगार दिइएको हो भने तपाईंले सामान्यतया NSW इन्डस्ट्रियल रिलेशन्स कमिशनमा जानु पर्ने हुन्छ।

थप जानकारीका लागि www.fwc.gov.au हेर्नुहोस्।

## मैले मेरा मालिकविरुद्ध उजुरी गरेको हुँदा मलाई निलम्बित गरिएको हो

फेयर वर्क एक्टले यस्ता कामदारहरूको सुरक्षा गर्दछ जो आफ्नो अधिकारका लागि 'उभिन्छन्' वा उनीहरूका रोजगारबारे उजुरी गर्दछन्। यदि तपाईंलाई आफ्नो कार्यस्थलमा अधिकारहरूको माग गर्दा वा उजुरी गर्दा निलम्बित गरिएको हो भने तपाईंले फेयर वर्क कमिशनमा सामान्य संरक्षण निलम्बन आवेदन दिन सक्नुहुन्छ। यसप्रकारको कानूनी कारबाही सुरु गर्नका लागि तपाईंलाई निलम्बित गरिएको मितिदेखि 21 दिनको समयसीमा छ। तपाईंले कानूनी सल्लाह लिनु पर्दछ किनकि सामान्य संरक्षण निलम्बन आवेदनहरू जटिल हुन्छन्।

थप जानकारीका लागि www.fwc.gov.au हेर्नुहोस्

## मैले थप सहायता कहाँबाट पाउन सक्छु?

LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू) Legal Aid NSW (कानूनी सहायता एनएसडब्ल्यू) द्वारा संचालित एक नि: शुल्क सूचना सेवा हो। एनएसडब्ल्यूमा कानुनी समस्या भएका जो कोहीले कानुनी सहायताको लागि LawAccess NSW (ल एक्सेस एनएसडब्ल्यू )लाई सम्पर्क गर्न सक्दछन्। www.legalaid.nsw.gov.au मा Chat with us आइकनमा क्लिक गर्नुहोस्, वा **1300 888 529** मा बिहान 9 बजेदेखि साँझ 5 बजेसम्म, सोमवारदेखि शुक्रवारसम्म (सरकारी बिदाहरूबाहेक) फोन गर्नुहोस्।

यो ब्रोसर कानूनको सामान्य मार्ग-निर्देशिका हो। कानूनी सल्लाहका लागि तपाईं यसमाथि भर पर्नु हुँदैन, र हामी तपाईंलाई तपाईंको स्थितिबारे वकीलसँग कुरा गर्न सिफारिस गर्दछौं। यो जानकारी मुद्रणको समयसम्म सही छ, तर यसमा परिवर्तन हुन सक्दछ। थप जानकारीका लागि 1300 888 529 मा LawAccess NSW सँग सम्पर्क गर्नुहोस्।

This factsheet is also available in Arabic, Chinese (Sim), Hindi, Nepalese, Spanish, Tamil and Vietnamese.

© Legal Aid Commission of NSW 2023

MNLA60737 | SEP 2023 / सेप्टेम्बर 2023

Legal Aid NEW SOUTH WALES